अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८१।१२।२१ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी रविन्द्र प्रसाद बराल रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट **प्रतिवादी पोखरा विश्वविद्यालयका उप-प्राध्यापक रविन्द्र प्रसाद बराल** उपर अन्य स्थानमा काम नगर्ने प्रतिवद्धता र पोखरा विश्वविद्यालयले भराएको फाराममा समेत अन्यत्र काम नगर्ने भनी आफैंले हस्ताक्षर गरेको विवरण विपरित सार्वजनिक सरकारी संस्थाबाट Non-teaching allowance को लाभ लिएको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६(१) बमोजिम सजाय हुन विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८०।११।१३ को फैसलाबाट सफाई दिएको हुँदा उपरोक्त फैसलाउपर मिति २०८१।१२।२१ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल